हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्ड: ४ मिति:२०७७/०१/२८

## भाग-३

## हेटौंडा उपमहानगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को पहिलो संशोधन

| दफा नं. | साविक कार्यविधिमा भएको व्यवस्था | अब ऐनमा हुने संशोधन | ऐनमा संसोधन हुनुपर्ने कारण |
|---|---|---|---|
| १ | **दफा १४. अन्य संस्थावाट कार्य गराउन सक्नेछ :** उपभोक्ता समितिबाट गरिने कार्य लाभग्राही समुह सामुदायिक जस्तै सामुदायिक वन, सामुदायिक स्तरका सहकारी संस्थाहरू, टोल विकास संस्था, आमा समुह, कृषि समुह, कानुन वमोजिम गठन भएका अन्य सामुदायिक संगठन जस्ता संस्थाहरूबाट स्थानीय उपभोक्ताहरुको आम भेलाबाट निर्णय भई आएमा यंस्ता संस्थाहरूबाट यस | उपभोक्ता समितिबाट गरिने कार्य लाभग्राही समुह सामुदायिक जस्तै सामुदायिक वन, सामुदायिक स्तरका सहकारी संस्थाहरू, टोल विकास संस्था, आमा समुह, कृषि समुह, कानुन वमोजिम गठन भएका अन्य सामुदायिक संगठन जस्ता संस्थाहरूबाट स्थानीय उपभोक्ताहरूको आम भेलाबाट निर्णय भई आएमा वा त्यस्ता संस्थाहरूवाट यस कार्यविधि वमोजिम कार्य संचालन गर्न गराउन सकिनेछ । तर प्रचलित कानुन वमोजिम गठन भई अविछिन्नरुपमा संस्था अद्यावधिक भएका सामुदायिक संघ संस्थाको | उक्त दफा वमोजिम उपरोक्तानुसारको संस्थाहरूवाट कार्य गराउदा व्यवहारतः कतिपय अवस्थाहरूमा उपभोक्ताहरूको आम भेलावाट निर्णय हुन नसक्ने परिस्थिती श्रृजना हुने भएकोले |

| | | | |
|---|---|---|---|
| | कार्यविधि वमोजिम कार्य संचालन गर्न गराउन सकिनेछ । | हकमा संस्था स्वयंले वा संस्थाले गठन गरेको निर्माण समितिलाई त्यस संस्थाको विनियोजित रकम संझौता गरी कार्यादेश दिन सकिनेछ । | |

**प्रमाणीकरण गर्नेको**

नाम थर : कविराज पौडेल

पद : प्रमुख प्रशासकीय अधिकृत

मिति : २०७७।०१।३०

हेटौंडा राजपत्र